annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६४ पृष्ठ ८ | काठमाडौं, बुधबार १८ असार २०८२ | आषाढ शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | WEDNESDAY, JULY 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# यात्रा दाउन्ने, मनै भाउन्न

केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट

समाचार पृष्ठ २



निर्माणाधीन बुटवल नारायणगढ सडकअन्तर्गत पश्चिम खण्ड। ● केशरराज क्षेत्री

सिमसिम पानी पर्‍यो कि, बाटो चिप्लो हुन्छ। गाडी गुड्नै सक्दैन। अहिले त बर्खा लागिसक्यो। त्यसैकारण दाउन्ने खण्डमा कतिबेला डाइभर्सन भत्किने हुन, कतिबेला पहिरो खस्ने हो ? कतिबेला हिलो बगेर गाडी गुड्नै नसक्ने अवस्था आउने हो ? पत्तै हुन्न। यो खण्डमा ७-८ घण्टा जाममा पर्नु त सामान्य जस्तै भइसक्यो। त्यसैकारण यो खण्डमा 'भगवान्‌को नाम जपेर' यात्रा गर्ने गरिन्छ। बुटवल-नारायणगढ सडकअन्तर्गत १३ किलोमिटर दाउन्ने खण्डमा पर्छ। यो खण्डमा विस्तारको कामसँगै यात्रा पनि निकै जोखिम र कष्टकर हुने गरेको छ।

पश्चिम खण्ड (बुटवल-दाउन्ने)
**४८ किमि**

बजेट
**७ अर्ब ८६ करोड**

भौतिक प्रगति
**६७ प्रतिशत**

वित्तीय प्रगति
**६२.४३ प्रतिशत**

कालोपत्रे बायाँतर्फ
**३३ प्रतिशत**

कालोपत्रे दायाँतर्फ
**३५ प्रतिशत**

पूर्वीखण्ड (दाउन्ने-नारायणगढ)
**६५ किमि**

बजेट
**९ अर्ब १३ करोड**

भौतिक प्रगति
**६९ प्रतिशत**

वित्तीय प्रगति
**६८ प्रतिशत**

कालोपत्रे दुईतर्फी
**३४ किमि**

## नयाँ पार्टी खोल्ने ट्रम्पलाई मस्कको चेतावनी



**वासिङ्‌टन** डीसी (एजेन्सी) : अर्बपति एलन मस्कले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई नयाँ पार्टी खोल्ने चेतावनी दिएका छन्। उनले राष्ट्रपति ट्रम्प र उनको पार्टी रिपब्लिकन नेतृत्वप्रति उक्त चेतावनी दिएका हुन्।

'बृहत् खर्च विधेयक' पारित गरिएको भोलिपल्ट 'अमेरिका पार्टी' नामक नयाँ दल खोल्ने उनले बताएका हुन्। 'सरकारी खर्च घटाउने नारा लगाउने अनि इतिहासकै सबैभन्दा ठूलो ऋण वृद्धिको पक्षमा मतदान गर्ने ? यस्ता सांसदहरूलाई लाज हुनुपर्छ। यदि यो पृथ्वीमा मैले गर्ने अन्तिम काम पनि हो भने म नयाँ पार्टी खोलेर उनीहरूलाई अर्को निर्वाचनमा हराउन लाग्नेछु', मस्कले एक्समा लेखेका छन्। मस्कको यो प्रतिक्रिया सिनेटमा राष्ट्रपति ट्रम्पद्वारा प्रवर्तित विवादास्पद आर्थिक विधेयकमाथिको अन्तिम मतदानको पूर्वसन्ध्यामा आएको हो।

## लुम्बिनीको बजेटप्रति सत्तापक्षमै असन्तुष्टि

गोपाल शर्मा भट्टराई | *दाङ*

लुम्बिनी प्रदेश सरकारको बजेटप्रति सत्तापक्षकै सांसदहरूले चर्को विरोध जनाए। मन्त्रीका जिल्लामा मात्रै बजेट खन्याइएको, प्रदेशसभा सदस्यका योजना नसमेटिएको र विकासे मन्त्रालयको बजेटमा 'बिचौलिया' हाबी भएको भन्दै सत्तापक्षे सांसदहरूले तीव्र असन्तुष्टि जनाएपछि सरकारले प्रदेशसभाको छलफल एक साता रोक्यो। सत्तासीन कांग्रेस र एमालेले संसदीय दलका बैठक बोलाएर आआफ्ना प्रदेश सांसदलाई थुम्थुम्याउन खोजे। तर, प्रदेशसभा सांसदहरूका असन्तुष्टि उस्तै छन्। मंगलबारदेखि प्रदेशसभामा भएको छलफलमा पनि बजेटप्रतिका असन्तुष्टिका स्वर उस्तै देखिए।

एमाले र कांग्रेस संसदीय दलले बजेटको किचलोको विषयमा दलको बैठक बसालेर प्रदेशसभा सदस्यको राय तथा धारणा लिएर मात्रै सदन सुरु गरेका छन्। प्रदेशसभा सदस्यहरूले भने बजेटलाई पुनर्संरचना



नगर्दासम्म सन्तुष्ट हुने आधार नरहेको प्रतिक्रिया दिइरहेका छन्। लुम्बिनीमा एमाले दलका नेता चेतनारायण आचार्य मुख्यमन्त्री रहेका छन् भने कांग्रेसका धनेन्द्र कार्की आर्थिक मामिला तथा योजनामन्त्री छन्। लुम्बिनीले ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ।

आगामी आर्थिक वर्षको बजेटमा मन्त्रीका जिल्लामा मात्रै बजेट गएको, सांसदहरूका योजना नसमेटिएको सांसदहरूले आरोप लगाएका छन्। यो आरोपसँगै लुम्बिनी प्रदेशमा बजेटमा चर्को विरोध देखिएको छ। विकासे मन्त्रालयका योजनामा बिचौलियाको समेत हाबी देखिएको सांसदहरूको आरोप छ। कांग्रेसबाट प्रतिनिधित्व गर्ने एक सांसदका अनुसार विकासे मन्त्रालयमा बिचौलिया हाबी भएर प्रदेश सांसद र नेताहरूकै योजनाको लिस्ट कटाइएको बिचौलियाको योजना समावेश गरिएको छ।

'माननीयहरूका योजना कटाएर बिचौलियाका योजना समावेश भए छन्', ती सांसदले भने, 'यो बजेट प्रदेश सरकारले ल्याएको हो कि, बिचौलियाले ?' मन्त्रीहरूले आफूअनुकूल वितरणमुखी बजेट बनाउँदा सत्तारूढ दललेसमेत बजेटको अपनत्व लिन नसक्ने अवस्था आएको ती सांसदको भनाइ छ।

» बाँकी पृष्ठ ६

## थाई प्रधानमन्त्री शिनावात्रा निलम्बित

**बैंकक** (एजेन्सी) : थाइल्यान्डको संवैधानिक अदालतले प्रधानमन्त्री पेटोङटार्न शिनावात्रालाई निलम्बन गरेको छ। पूर्वकम्बोडियाली नेता हुन सेनसँगको उनको लिक भएको फोन वार्ताका कारण राजीनामा दिन बढ्दो दबाब आएको हो।

पेटोङटार्नले उनलाई 'काका' भनेर सम्बोधन गरेको र थाई सैन्य कमान्डरको आलोचना गरेको क्लिपले जनतामा आक्रोश फैलाउँदै



उनको बर्खास्तीको लागि निवेदन दिएको थियो। उक्त निवेदन हाल अदालतमा विचाराधीन छ। यसले पेटोङटार्नलाई शक्तिशाली शिनावात्रा कुलमा तेस्रो राजनीतिज्ञ बनाउन सक्छ, जसले आफ्नो कार्यकाल पूरा गर्नुअघि नै सत्ता गुमाउनु पर्ने छ। संवैधानिक अदालतले उनलाई बर्खास्तीको मुद्दामा विचार गर्दा निलम्बन गर्न ७-२ ले मतदान गर्‍यो र उनलाई आफ्नो बचाउ प्रस्तुत गर्न १५ दिनको समय दिएको छ।




## कुलिङ पिरियडमा जालझेल, संसदीय छानबिनको माग

राधा खनाल | *काठमाडौं*

राज्य व्यवस्था समितिको प्रतिवेदनसहित निजामती सेवासम्बन्धी विधेयक आइतबार प्रतिनिधिसभाबाट पारित भयो। तर, कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा जालझेल गरिएको भन्दै समितिप्रति चौतर्फी प्रश्न उठे। अवकाश पाएका वा राजीनामा दिएका विशिष्ठ श्रेणीका कर्मचारीका लागि २ वर्ष कुलिङ पिरियड राखिएकोमा 'बाहेक' शब्द घुसाएको भन्दैसमिति सभापति रामहरि खतिवडासहित समितिका कर्मचारीमाथि प्रश्न तेर्सिएका छन्। 'बाहेक' शब्द घुसाएर अवकाशप्राप्त वा राजीनामा दिएका मुख्यसचिवसहित सचिवका लागि कुलिङ पिरियड लागू नहुने गरी व्यवस्था गरिएको भन्दै आपत्ति जनाइएको हो। समिति सभापति खतिवडासहित समिति सदस्यहरूले पनि त्यसबारे अनविज्ञता जनाएका छन्। उनीहरूले नै संसदीय समिति छानबिनको माग गरेका छन्।

निजामती विधेयकमा सरकारी सेवाबाट राजीनामा वा अवकाश भएको मितिले दुई वर्षसम्म कुनै पनि सरकारी नियुक्ति लिन नपाउने व्यवस्थामा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति सचिवालयका कर्मचारी र सांसदले गम्भीर जालझेल गरेको भन्दै सबै



**राजकुमार गुप्ता**, सामान्य प्रशासनमन्त्री



**रामहरि खतिवडा**, सभापति, राज्य व्यवस्था समिति

राजनीतिक दलका नेताले स्पष्ट छानबिनको माग गरेका छन्। विधेयकका विषयमा छलफल गर्ने र प्रतिवेदन तयार पारी प्रतिनिधिसभामा पेस गर्ने जिम्मेवारी पाएको राज्य व्यवस्था समितिले 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन' भन्ने व्यवस्था गरेको भनिए पनि प्रतिनिधिसभामा त्यसलाई खण्डित गर्ने अर्को दफासमेत समावेश गरेको भेटिएको छ।

सरकारले फागुन २०८० मा संसद्‌मा दर्ता गराएको विधेयकमा 'संवैधानिक, कूटनीतिक नियुक्ति वा सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नेपाल सरकारको पूर्वस्वीकृति नलिई सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म काम गर्नु नहुने' व्यवस्था थियो। यो प्रवन्धले संवैधानिक र राजनीतिक नियुक्तिमा कुनै अवरोध थिएन। तर, बाहेक शब्दलाई नै तोडमोड गरिएको छ। सरकारीबाहेक निजी तथा गैरसरकारी संस्थामा नियुक्ति लिन मात्र सरकारको स्वीकृति चाहिने उद्देश्य राखिएको थियो। समितिबाट पारित भएको विधेयकमा संवैधानिक वा कूटनीतिक नियुक्तिमा सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक भन्ने शब्द नराखिएको तर प्रतिनिधिसभामा पुग्दाबाहेक भन्ने शब्द राखेको पाइएकाले प्रश्न उठेको छ।

प्रतिनिधिसभामा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले विधेयक निर्णयार्थ पेस गरेका थिए। तर, विधेयकमा भएको छेडछाडको जिम्मेवारी लिनबाट भने उनी पञ्छिरहेका छन्। यो सम्पूर्ण हेरफेरमा राज्य व्यवस्था समितिका सभापति खतिवडा जिम्मेवार रहेको उनको आरोप छ। गुप्ताले भने, 'मलाई थाहा छैन। मलाई जानकारी नदिइकन सभापतिजीले सुटुक्क विधेयक संसद्‌मा दर्ता गरे। आफूले असार २ गते विधेयकमा अन्तिम छलफलका लागि बैठक डाकेको तर, छलफलमा नआइकन खतिवडाले विधेयक दर्ता गरिदिए।'

» बाँकी पृष्ठ ३